बैठक संख्या १६

आज मिति २०८२/०२/२८ गते बुधवारका दिन दिउँसो ३:०० बजे यस आ.व. अन्तर्गत रामपुर नगर कार्यपालिकाको १६ औं बैठक नगर प्रमुख श्री रमण बहादुर थापाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा तपसिल अनुसारको निर्णय गरियो।

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री रमण वहादुर थापा | नगर प्रमुख | |
| २. | श्री बाल कुमारी थापा | नगर उप-प्रमुख | |
| ३. | श्री कपिल बहादुर खाँण | नगर प्रवक्ता/वडाध्यक्ष | |
| ४. | श्री कृष्ण बहादुर दर्जी | वडाध्यक्ष | |
| ५. | श्री दामोदर पाठक | वडाध्यक्ष | |
| ६. | श्री राम बहादुर राना | वडाध्यक्ष | |
| ७. | श्री दुर्गा प्रसाद पोखेल | वडाध्यक्ष | |
| ८. | श्री दिवाकर देवकोटा | वडाध्यक्ष | |
| ९. | श्री दोवराज तिवारी | वडाध्यक्ष | |
| १०. | श्री दिनेश आचार्य | वडाध्यक्ष | |
| ११. | श्री डिल वहादुर राना | वडाध्यक्ष | |
| १२. | श्री तोयानाथ सारु थापा | वडाध्यक्ष | |
| १३. | श्री देवका पोखेल | कार्यपालिका सदस्य | |
| १४. | श्री सीमा देवि थापा | कार्यपालिका सदस्य | |
| १५. | श्री माया देवी नेपाली | कार्यपालिका सदस्य | |
| १६. | श्री शारदा आचार्य | कार्यपालिका सदस्य | |
| १७. | श्री दुर्गा देवी भण्डारी | कार्यपालिका सदस्य | |
| १८. | श्री गोपाल कुमाल | कार्यपालिका सदस्य | |
| १९. | श्री यम बहादुर भुजेल घर्ती | कार्यपालिका सदस्य | |
| २०. | श्री भविश्वर कुमाल | कार्यपालिका सदस्य | |
| २१. | श्री सुर्य दर्शन पण्डित | प्रमुख प्रशासकीय अधिकृत | |

CamScanner

रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ को सोह्रौ कार्यपालिका बैठकको प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा ।

२. आगामी आ.व. २०८२/०८३ को नीति,कार्यक्रम तथा बजेट तयारी छलफल सम्बन्धमा ।

३. विविध

## निर्णयहरु

निर्णय नं.१, प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/०२/१८ गते बसेको १५ औं कार्यपालिका बैठकको समिक्षा तपसिल बमोजिम गरियो ।

१. आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम तयारीका लागि विषयगत समिति तथा वडागत रुपमा प्राप्त हुने महत्वपूर्ण नीति तथा कार्यक्रमका बारेमा छलफल गरियो साथै नीति, कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी कार्य तयारी गर्ने कार्यलाई प्रभावकारी, जनमुखी र प्रतिफलमुखी बनाउन उपयुक्त हुने विषयहरुका सम्बन्धमा आफ्ना अमूल्य राय, सुझावहरु प्राप्त गर्न यस नगरपालिकाका नगर सल्लाहकार र राजनितिक दलहरुसँग बैठक बस्ने निर्णय गरियो ।

२. मोवाइल निर्माण सेवा, रामपुर-४, पाल्पाको पत्र संख्या ०८१/०८२, मिति २०८२/०२/१० गतेको पत्रानुसार सडक पूर्वाधार विकास कार्यालय तानसेन र उक्त कम्पनी बिच सम्झौता भएको ठेक्का नं. RIDO-PAL-W-NBC-35-2081/082, Upgrading Of Hatemalo Madarsa School Bhimsentole Galmadi Khola Nali Nirman & Tatbandhan Nirman, Rampur-04, Palpa को निर्माण कार्य मध्ये Gabion र Soling को लागि १९३ घ.मि. ढुङ्गा आवश्य पर्ने भएकोले पालिका भित्र पर्ने बड्भान घाट देखी नियम अनुसार राजस्व तिरी निकाली पाँउ भनी लेखी आएकोमा छलफल हुँदा नियमानुसार राजस्व बुझाउने गरी यस कार्यालयका नगर प्रहरीको निगरानीमा, ईलाका प्रहरी कार्यालय तथा वडा कार्यालयको समन्वयमा १९३ घ.मि. ढुङ्गा बडभान घाटबाट प्रयोग गर्ने गरी उक्त कार्य गर्न अनुमति दिने निर्णय गरियो ।

३. जिल्ला समन्वय समिति, तानसेन पाल्पाको प.सं. ०८१/०८२, च.नं. ४४०, मिति २०८२/०२/०४ गतेको पत्रानुसार हिंसा प्रभावित महिलाका लागि अल्पकालीन सुरक्षित आवास गृह निर्माण गरिएकोमा यस नगरपालिकाबाट पूर्ववत निर्णय बमोजिमको रकम रु १,२५,०००/-(रु एक लाख पचास हजार) उपलब्ध गराउनका लागि लेखी आएकोले उक्त रकम जिल्ला समन्वय समितिको कार्यालयको नाममा चेक मार्फत उपलब्ध गराउने निर्णय गरियो ।

४. वातावरण संरक्षण ऐन २०७६ को दफा २१ को उपदफा २ (ग) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन अनुसार गर्नु पर्ने कार्य प्रभावकारी रुपले भए नभएको सम्बन्धमा र आफ्नो स्थानीय तहभित्र प्रदुषण नियन्त्रण तथा वातावरण संरक्षण सम्बन्धी मापदण्डको परिपालना भए नभएको सम्बन्धमा स्थानीय तहले स्थानीय तहको कुनै कर्मचारीलाई वातावरण निरीक्षक तोक्नु पर्ने व्यवस्था भएकोमा यस कार्यालयमा गठीत वातावरण तथा विपद् व्यवस्थापन समितिका सदस्य सचिव कृष्ण बहादुर थापालाई तोक्ने निर्णय गरियो ।

CamScanner

| | | |
|---|---|---|
| ३२ | रजघरा खानेपानी तथा सरसफाई आयोजना, रामपुर-३, पाल्पा | शहरी विकास तथा खानेपानी मन्त्रालय |
| ३३ | योगहल निर्माण, रामपुर-६, पाल्पा | स्वास्थ्य मन्त्रालय |
| ३४ | खयरबोट खेलमैदान निर्माण, रामपुर-२, पाल्पा | युवा तथा खेलकुद मन्त्रालय |
| ३५ | निसर्दी खेलमैदान निर्माण, रामपुर-८, पाल्पा | युवा तथा खेलकुद मन्त्रालय |
| ३६ | खटाङ्ग खेलमैदान निर्माण, रामपुर-१, पाल्पा | युवा तथा खेलकुद मन्त्रालय |

६. विभिन्न आर्थिक सहयोग विभिन्न शीर्षकहरुबाट भुक्तानी हुने गरी निर्णय गरियो ।

७. सुवेदी निर्माण सेवाका प्रो. निराजन रेग्मीले मिति २०८२/०२/१८ गते लस्करे, बाँझोबारी, माछापोखरी मोटरबाटो(FPIU Rupandehi) निर्माण कार्य भएको र गत वर्षको भारीवर्षाले पहिरो गई ढलान तथा मेसिनरी वाल निर्माण गर्नुपर्ने भएकोले आवश्यक ढुँगा, गिट्टी तथा बालुवा आवश्यक परेको हुँदा उपलब्ध गराइदिनुहुन भनी लेखी आएकोले १५ औं कार्यपालिका बैठकमा छलफल हुँदा नियमानुसार राजस्व बुझाउने गरी यस कार्यालयका नगर प्रहरीको निगरानीमा, ईलाका प्रहरी कार्यालय तथा वडा कार्यालयको समन्वयमा ८० घ.मि. ढुङ्गा, गिट्टी, बालुवा बडभान घाटबाट प्रयोग गर्ने गरी उक्त कार्य गर्न अनुमति दिने निर्णय गरियो ।

२. निर्णय नं.२, प्रस्ताव नं. २ माथि छलफल गर्दा आगामी आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम तयारीका लागि विषयगत समिति तथा वडागत रुपमा प्राप्त हुने महत्वपूर्ण नीति तथा कार्यक्रमका बारेमा छलफल गरियो साथै नीति, कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी कार्य तयारी गर्ने कार्यलाई प्रभावकारी, जनमुखी र प्रतिफलमुखी बनाउन उपयुक्त हुने विषयहरुका सम्बन्धमा छलफल गरियो ।

३. निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा नगरपालिकामा हालसम्म दर्ता नभएका तथा विना स्वीकृति निर्माण गरिएका घर टहरा, भवन तथा संरचनाहरुको अभिलेखीकरण गर्नका लागि एक महिनाभित्र अनिवार्य रूपमा घर नक्शा अभिलेखीकरण फाराम सहित आवश्यक कागजात पेश गराई दर्ता गर्न सूचना प्रकाशित गर्ने निर्णय गरियो।

४. निर्णय नं. ४, प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस रामपुर नगरपालिकाद्वारा सञ्चालन गरिएको नगर खेलकुद कार्यक्रम (मेयर कप सहित प्रशिक्षणमूलक कार्यक्रम) अन्तर्गत बालबालिकाको लागि फुटबल र भलिवल प्रतियोगिताले नगरवासीहरूबाट सकारात्मक प्रतिक्रिया प्राप्त गरिएको र बालबालिकाले उक्त प्रशिक्षण कार्यक्रमको निरन्तरताको लागि माग गरेको कारण सो प्रशिक्षण कार्यक्रम मिति २०८२/०३/०७ गते सम्म संचालन गर्ने गरी संचालन अवधी थप गर्ने निर्णय गरियो।

CamScanner

| | | |
|---|---|---|
| ३२ | रजघरा खानेपानी तथा सरसफाई आयोजना, रामपुर-३, पाल्पा | शहरी विकास तथा खानेपानी मन्त्रालय |
| ३३ | योगहल निर्माण, रामपुर-६, पाल्पा | स्वास्थ्य मन्त्रालय |
| ३४ | खयरबोट खेलमैदान निर्माण, रामपुर-२, पाल्पा | युवा तथा खेलकुद मन्त्रालय |
| ३५ | निसर्दी खेलमैदान निर्माण, रामपुर-८, पाल्पा | युवा तथा खेलकुद मन्त्रालय |
| ३६ | खटाङ्ग खेलमैदान निर्माण, रामपुर-१, पाल्पा | युवा तथा खेलकुद मन्त्रालय |

६. विभिन्न आर्थिक सहयोग विभिन्न शीर्षकहरुबाट भुक्तानी हुने गरी निर्णय गरियो ।

७. सुवेदी निर्माण सेवाका प्रो. निराजन रेग्मीले मिति २०८२/०२/१८ गते लस्करे, बाँझोबारी, माछापोखरी मोटरबाटो(FPIU Rupandehi) निर्माण कार्य भएको र गत वर्षको भारीवर्षाले पहिरो गई ढलान तथा मेसिनरी वाल निर्माण गर्नुपर्ने भएकोले आवश्यक ढुँगा, गिट्टी तथा बालुवा आवश्यक परेको हुँदा उपलब्ध गराइदिनुहुन भनी लेखी आएकोले १५ औ कार्यपालिका बैठकमा छलफल हुँदा नियमानुसार राजस्व बुझाउने गरी यस कार्यालयका नगर प्रहरीको निगरानीमा, ईलाका प्रहरी कार्यालय तथा वडा कार्यालयको समन्वयमा ८० घ.मि. ढुङ्गा, गिट्टी, बालुवा बडभान घाटबाट प्रयोग गर्ने गरी उक्त कार्य गर्न अनुमति दिने निर्णय गरियो ।

२. निर्णय नं.२, प्रस्ताव नं. २ माथि छलफल गर्दा आगामी आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम तयारीका लागि विषयगत समिति तथा वडागत रुपमा प्राप्त हुने महत्वपूर्ण नीति तथा कार्यक्रमका बारेमा छलफल गरियो साथै नीति, कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी कार्य तयारी गर्ने कार्यलाई प्रभावकारी, जनमुखी र प्रतिफलमुखी बनाउन उपयुक्त हुने विषयहरुका सम्बन्धमा छलफल गरियो ।

३. निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा नगरपालिकामा हालसम्म दर्ता नभएका तथा बिना स्वीकृति निर्माण गरिएका घर टहरा, भवन तथा संरचनाहरुको अभिलेखीकरण गर्नका लागि एक महिनाभित्र अनिवार्य रूपमा घर नक्शा अभिलेखीकरण फाराम सहित आवश्यक कागजात पेश गराई दर्ता गर्न सूचना प्रकाशित गर्ने निर्णय गरियो।

४. निर्णय नं. ४, प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस रामपुर नगरपालिकाद्वारा सञ्चालन गरिएको नगर खेलकुद कार्यक्रम (मेयर कप सहित प्रशिक्षणमूलक कार्यक्रम) अन्तर्गत बालबालिकाको लागि फुटबल र भलिवल प्रतियोगिताले नगरवासीहरूबाट सकारात्मक प्रतिक्रिया प्राप्त गरिएको र बालबालिकाले उक्त प्रशिक्षण कार्यक्रमको निरन्तरताको लागि माग गरेको कारण सो प्रशिक्षण कार्यक्रम थप १ हप्ता थप गर्ने निर्णय गरियो।

CamScanner

५. निर्णय नं. ५, प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस रामपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय र सि.सि.एस.ईन्जिनियरिङ्ग प्रा.लि. बेलकोटगढी न.पा.८-नुवाकोट बिच सम्झौता भई ठेक्का नं. RMO/WORK/NCB/11/081/082 रङ्गशाला निर्माण कार्यको लागि सम्झौता भएकोले उक्त काम गर्ने स्थानमा जग्गा उपलब्ध गराउने सम्बन्धमा सरोकारवाला बिच सहमती नभएकोले उक्त योजना रद्द गर्ने निर्णय गरियो ।

६. निर्णय नं. ६, प्रस्ताव नं. ३ माथि छलफल गर्दा देवघाटदेखि दामोदरकुण्ड सम्म पैदलयात्रामा हिड्नुभएका सन्त महन्तहरुको पैदल यात्रीको यस नगरपालिका अन्तर्गत खाना बस्नको सहयोगार्थ भएको सहयोगार्थ भएको रकम रु १३,६८०/-(अक्षेरुपी तेह्रहजार छ सय असि) राधादामोदर मन्दिर संचालन समितिलाई अतिथि सत्कार खर्च शीर्षकबाट उक्त रकम भुक्तानी हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

७. निर्णय नं. ७, प्रस्ताव नं. ३ माथि छलफल गर्दा सडक डिभिजन, पाल्पाको प.सं. २०८१/०८२, च.नं. १०६९, मिति २०८२/०२/२८ गतेको पत्रानुसार उक्त कार्यालय र M/S Elite-SBA J/V, Kapan Kathmandu बीच ठेक्का सम्झौता भई निर्माणधीन ठेक्का नं. 44-KRRD-650-067/68, Construction of Motorable Truss Bridge over Kaligandaki River at Rampur (plapa)-Damachaur(Shyangja) को निर्माणका लागि Coffer Dam निर्माण गरी खोला Divert गरी निर्माण कार्य गरिएको र हाल उक्त कार्य सम्पन्न भईसकेको र खोलामा पानीको बहाव बढ्नु भन्दा अगावै उक्त Coffer Dam भत्काउनु पर्ने भएको र उक्त Coffer Dam मा प्रयोग भएको निर्माण सामग्री निर्माण व्यवसायीले निर्माणमा नै प्रयोग गर्ने भनि मिति २०८२/०२/२५ गते उक्त कार्यालयमा निवेदन दिएको समेत देखिएकोले उक्त निर्माण सामग्री खोलाबाट निकाली निर्माणमा प्रयोग गर्नका लागि स्वीकृत मापदण्ड तथा नियमानुसार उपलब्ध गराउन सहजीकरण गरिदिनुहुन भनी लेखि आएकोले १६ औ कार्यपालिका बैठकमा छलफल हुँदा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ बमोजिम राष्ट्रिय गौरवका आयोजनाहरु निर्माणको लागि हेभी मेसिन प्रयोग गरी कार्य गर्न पाउने व्यवस्था भएबमोजिम नियमानुसार राजस्व बुझाउने गरी यस कार्यालयका नगर प्रहरीको निगरानीमा निर्माण स्थल देखि नजिकको प्रशोधन केन्द्र सम्म ३०० घ.मी. निर्माणजन्य सामग्री ल्याउन, लैजानको निर्माण व्यवसायीलाई अनुमति दिने निर्णय गरियो ।

८. निर्णय नं. ८, प्रस्ताव नं. ३ माथि छलफल गर्दा NIVIL-SHRINKHALA-KUSHAL JOINT VENTURE मिति २०८२/०२/२० गतेको पत्रानुसार उक्त संस्थाले रामपुर नगरपालिका क्षेत्रमा कालीगण्डकी पैदलमार्ग निर्माण गरिएको र उक्त योजना सम्पन्न गर्नका लागि आवश्यक २०० घ.मि. नदिजन्य पदार्थ पाएक पर्ने IEE गरेको परेवाघाटबाट उक्त नदीजन्य पदार्थ प्रयोग गर्नका लागि अनुमति माग गरी आएकोमा १६ औ कार्यपालिका बैठकमा छलफल हुँदा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको विषय सूचीको बुदाँ नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको

लागि हेभी मेसिन प्रयोग गरी परेवा घाटबाट उक्त परिमाण प्रयोग गर्ने तथा नियमानुसार राजस्व बुझाउने गरी सम्बन्धित वडा कार्यालय, ईलाका प्रशासन कार्यालय, ईलाका प्रहरी कार्यालयको समन्वयमा नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

९. निर्णय नं. ९, प्रस्ताव नं. ३ माथि छलफल गर्दा रामपुर नगरपालिका वडा नं. १ का लागि आ.व. २०८१/०८२ को लागि खानेपानी टंकी निर्माण तथा मर्मत र कृषि निर्माण सामग्री खरिद (५०% ) शीर्षकमा विनियोजित रकमको लागि वडा स्तरीय समिति गठन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

१०. निर्णय नं. १०, प्रस्ताव नं. ३ माथि छलफल गर्दा विभिन्न आर्थिक सहयोग तपसिल बमोजिमका शीर्षकहरुबाट भुक्तानी हुने गरी निर्णय गरियो ।

तपसिलः

| क.सं. | नामथर | ठेगाना | विवरण | रकम | शिर्षक |
|---|---|---|---|---|---|
| १ | वडा कार्यालय प्राङ्गणमा प्रतिक्षालय निर्माण, रा.न.पा-८ | रा.न.पा-८, पाल्पा | रामपुर नगरपालिका वडा नं. ८ वडा कार्यालय परिसरमा निर्माणधिन सेवाग्राही प्रतिक्षालय निर्माण | रु१,००,०००/- (रु एक लाख मात्र) | नगर स्तरीय मर्मत तथा निर्माण खर्च |
| २ | नेपाल आदिवासी जनजाती महासंघ | रामपुर, पाल्पा | मिति २०८२/०२/०९ गते देखि १० गतेसम्म गोष्ठी संचालन कार्यक्रम संचालन बापत | रु २५,०००/- (रु पच्चीस हजार मात्र) | नेपाल आदिवासी जनजाती, दलित अपाङ्ग एकल महिला, लक्षीत कार्यक्रमखर्च |
| ३ | रामपुर साहित्यिक प्रतिष्ठान | रामपुर, पाल्पा | नगरपालिका भित्रका सम्पूर्ण मा.वि.हरुलाई मा.वि. स्तरीय कविताबाचन प्रतियोगिताको संचालन | रु २०,०००/- (रु बीस हजार मात्र) | विभिन्न संघ, संस्था तथा विद्यालय सहायता खर्च शीर्षक |
| ४ | पूर्वी पाल्पा मजदुर व्यवस्थापन समिति | रामपुर, पाल्पा | मजदुर दिवसका मनाउनका लागि आवश्य सहयोग | रु ३०,०००/- (रु तीस हजार मात्र) | विभिन्न संघ, संस्था तथा विद्यालय सहायता खर्च शीर्षक |
| ५ | बाघको ढाँड उपभोक्ता समिति | रा.न.पा-६, पाल्पा | बाघको ढाँड रङ्गरोगन | रु १५,०००/(रु पन्ध्र हजार मात्र) | नगर स्तरीय मर्मत तथा निर्माण खर्च |
| ६ | नेपाल प्रेस युनियन | तानसेन, पाल्पा | क्षमता अभिवृद्धीका | रु ५०,०००/- (रु पचास हजार | विभिन्न संघ, संस्था तथा विद्यालय सहायता खर्च शीर्षक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | मात्र) | |
| ७ | १० नं. वडा कार्यालय | रा.न.पा-१०, पाल्पा | सिमल गैरा खोल्सी भु-संरक्षण | रु १०,०००/- (रु दश हजार मात्र) | नगर स्तरीय मर्मत तथा निर्माण खर्च |
| ८ | १० नं. वडा कार्यालय | रा.न.पा-१० | उक्त वडा अन्तर्गत कुम्भ प्राथमिक विद्यालयमा E.C.D. का शिशुहरु बस्ने गरेको कार्पेट जिर्ण भई बस्न योग्य नभएकोले नयाँ कार्पेट तथा प्रि-फर्म खरिद | रु २५,०००/- (रु पच्चीस हजार मात्र) | विभिन्न संघ, संस्था तथा विद्यालय सहायता खर्च शीर्षक |

११. निर्णय नं. ११, प्रस्ताव नं. ३ माथि छलफल गर्दा विपद् व्यवस्थापन कोष खर्च शीर्षकबाट तपसिल बमोजिमका शीर्षकहरुबाट भुक्तानी हुने गरी निर्णय गरियो ।

| क्र.सं. | नामथर | ठेगाना | विवरण | राहत लिएको रकम |
|---|---|---|---|---|
| १ | अमर सिं वि.क. | रा.न.पा-८ | लामो समय देखि मृगी (छारे) रोगको सिकार भएको हुनाले उपचारमा | रु ५,०००/- (रु पाँच हजारमात्र) |
| २ | बुद्धिसरा सुनार | रा.न.पा-५ | निजको छोरा लामो समय देखी बिरामी परेको | रु १०,०००/-(रु दश हजार मात्र) |
| ३ | जीत बहादुर सार्की | रा.न.पा-५ | निजको छोरी बिन्दु थापा लामो समय देखी बिरामी परेको | रु १२,०००/-(रु बाह्र हजार मात्र) |
| ४ | ईश्वर बोटे | रा.न.पा-३ | निजको छोरा रविन बोटेको देब्रे हात भाचिएको | रु १२,०००/-(रु बाह्र हजार मात्र) |
| ५ | रेल बहादुर आले | रा.न.पा-७ | निजको छोरा मृगौलाको बिरामी डाइलाइसिस | रु १५,०००/-(रु पन्ध्र हजार मात्र) |
| ६ | सागर न्यौपाने | रा.न.पा-६ | मौरी उद्योगमा ८५ घार मौरी नष्ट भई क्षति भएको | रु २०,०००/-(रु बीस हजार मात्र) |
| ७ | कोपिला वि.क. | रा.न.पा-७ | निजको छोरी सिम्रन वि.क.को बाँया हात भाचिएको | रु १५,०००/-(रु पन्ध्र हजार मात्र) |
| ८ | भगवती पाठक | रा.न.पा-७ | सासु आमा देवका पाठकको मृत्यु भएको काजक्रिया खर्च | रु २५,०००/-(रु पच्चीस हजार मात्र) |
| ९ | मुक्त बहादुर सारु | रा.न.पा-८ | निजको श्रीमती नरिसरा सोती घाँस काट्दा हाँत भाचिएको | रु १२,०००/-(रु बाह्र हजार मात्र) |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| १० | विष्णु कुमारी राना | रा.न.पा-८ | निजको श्रीमान भिम बहादुर रानाको मृत्यु काजक्रिया खर्च | रु १५,०००/-(रु पन्ध्र हजार मात्र) |
| ११ | याम बहादुर खासु मगर | रा.न.पा-७ | निजको श्रीमती पुनि सरा खासु मगर मृत्यु भएबापत कजक्रिया खर्च | रु २५,०००/-(रु पच्चीस हजार मात्र) |

१२. निर्णय नं. १२, प्रस्ताव नं. ३ माथि छलफल गर्दा श्री कालीगण्डकी गुरुकुलम्, रम्भा गाउँपालिका-१, असेर्दीको पत्र संख्या २०८१/०८२, चलानी नं. ६०, मिति २०८२/०१/१३ गतेको पत्रानुसार मिति २०८१ साल कार्तिक महिनाको ९ देखि ३१ गतेसम्म मातापिता पूजन तथा दामोदर(कार्तिक) मास महामहोत्सव कार्यक्रम भव्य र सभ्य रुपमा संचालन गरिएकोमा सञ्चालन बापतको रकम माग गरेकोमा पर्यटन महोत्सव संचालन तथा ऐतिहासिक, पर्यटकीय र पुरातात्विक धार्मीक स्थलहरुको संरक्षण तथा प्रवर्द्धन खर्च शीर्षकबाट कट्टा हुने गरी रु १,००,०००/-(रु एक लाख) भुक्तानी गर्ने निर्णय गरियो ।

१३. निर्णय नं. १३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा रामपुर नगरपालिका अन्तर्गत आफ्नो जग्गामा निर्माण भएका घरहरुको अभिलेखीकरण प्रकृया अगाडी बढाउने कार्यका लागी स्थानीय सरकार संचालन ऐन, २०७४ साथै रामपुर नगरपालिकाको भवन निर्माण तथा नक्सापास मापदण्ड, २०७५ लगायत घर नक्शा सम्बन्धी विभिन्न संघिय, प्रादेशिक ऐन, कानूनको अधिनमा रही १ महिनाको लागि म्याद थप गरी घर नक्शा अभिलेखीकरण प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

१४. निर्णय नं. १४, प्रस्ताव नं. ३ माथि छलफल गर्दा १६ औ पाल्पा जिल्ला स्तरीय अन्तरपालिका राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता मिति २०८२/०२/१८ गते देखि २० गते सम्म संचालन भई सम्पन्न भएकोमा रामपुर नगरपालिका दोस्रो स्थान प्राप्त गरेको थियो । उक्त प्रतियोगितामा रामपुर नगरपालिकाबाट ९२ जना विधार्थी र ७ जना प्रशिक्षकहरु सहभागी भई ३ दिनसम्म तानसेनमा रहँदा भएको खर्च सहित उक्त प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति सदस्य सचिव सुन्दर प्रसाद देवकोटाले बिल भरपाई सहित निवेदन पेश गरेकोमा सो सम्बन्धमा कार्यपालिका बैठकमा छलफल हुँदा माग भएको रकम राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता शीर्षकबाट र अपुग हुने रकम नगर खेलकुद कार्यक्रम(मेयर कप लगायत अन्य प्रशिक्षणमुलक कार्यक्रम) शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

१५. निर्णय नं. १५, प्रस्ताव नं. ३ माथि छलफल गर्दा १६ औ पाल्पा जिल्ला स्तरीय अन्तरपालिका राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता मिति २०८२/०२/१८ गते देखि २० गते सम्म संचालन भई सम्पन्न भएकोमा उक्त प्रतियोगितामा रामपुर नगरपालिकाको तर्फबाट सहभागी विधार्थी प्रतिक श्रेष्ठ(हाइ जम्प) र पुजा नेपाली(१५०० मिटर दौड) प्रतिस्पर्धाको क्रममा घाइते हुन पुगी मिसन अस्पतालमा उपचार गराइएकोमा उक्त खेलाडी विधार्थीको उपचारमा भएको खर्च रकम औषधि उपचार शीर्षकबाट कट्टा हुने गरी विल अनुसारको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

CamScanner

१६. निर्णय नं. १६, प्रस्ताव नं. ३ माथि छलफल गर्दा १ नं. वडा कार्यालय, रामपुर, पाल्पाको च.नं. ६०१, प.सं. ०८१/०८२, मिति २०८१/१२/०१ को पत्रानुसार उक्त वडा बस्ने नारायण सारुको मिति २०८१/१०/२८ गते ट्रयाक्टर दुर्घटनामा परी मृत्यु भएकोमा निजको आर्थिक अवस्था कमजोर भएकोले काजक्रिया बापतको खर्च रकम माग गरेकोले विपद् व्यवस्थापन खर्च शीर्षकबाट कट्टा हुने गरी रु १०,०००/-(रु दश हजार) उपलब्ध गराउने निर्णय गरियो ।

१७. निर्णय नं. १७, प्रस्ताव नं. ३ माथि छलफल गर्दा पाल्पा रामपुर न.पा. वडा नं. ६ बस्ने खिन कुमारी आचार्य समेत रिट निवेदक भएको रिट निवेदन र अदालतको अवहेलना निवेदन गरी दुई रिट निवेदकको पेशी मिति २०८१/०४/२१, मिति २०८१/०९/०७ र मिति २०८२/०४ का दिन सम्म तिन पटक सम्मानित सर्वोच्च अदालतमा पेशीमा बहस पैरवी गर्दा उल्लेखित कानून व्यवसायीहरु समेतको सेवाशुल्क बमोजिमको रकम गरी कुल जम्मा रकम रु १,६०,०००/-(रु एक लाख साठी हजार मात्र) भुक्तानीका लागि अधिवक्ता भुवन डोटेलले निवदेन पेश गरेकोमा उक्त रकम सेवा र परामर्श खर्च शीर्षकबाट कट्टा हुने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

१८. निर्णय नं. १८, प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस आ.व. अन्तर्गत संचालन हुन गइरहेको १७ औं नगरसभाको तयारी अन्तर्गत आर्थिक ऐन, विधेयक तथा कानून मस्यौदा निर्माण, योजना सूचीकरण, कम्प्युटर प्रविष्टी, लेखा सम्बन्धी लगायतका विविध कार्यहरू कार्यालय समय बाहेक अतिरिक्त समयमा सम्पन्न गर्नका लागि खटिने कर्मचारीहरुलाई अतिरिक्त काम गरेको बापतको रकम उपलब्ध गराउन निर्णय गरियो ।